# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २७ गते ०९ साल

भाग १३

## योजना विकाशविभागको सूचना

नेपाल सरहद्‌भित्र चून पोली निकासी गर्न पाउने विषयमा २००८ साल कार्तिक १२ गतेको संख्या १२ को गजेटमा नेपाल ब्यूरी अफ माइन्सको सूचनामा लेखिएबमोजिम सरकारमा बुझाउने सलामी धेरै भएकोले काम गर्नेहरूले काम गर्न मन्जूर नगरेको बेहोरा पर्न आउँदा खनिजविकाश परामर्शदातृमण्डलमा उक्त बेहोरा राखी छलफल हुँदा निस्केको निर्णय श्री शाही परामर्शदातृमण्डलमा पेश भै स्वीकृत भए अनुसार उक्त नेपाल बुरी अफ माइन्सको २००८ कार्तिक १२ गतेको संख्या १२ को गजेटमा निस्केको सूचना खारेज गरी त्यसको बदला योजना विकाशविभागको सूचना तल लेखिएबमोजिम भएको छ ।

तपसील

हाल यो काम लिमिटेड कम्पनी वा व्यक्तिगत तौरबाट पनि गर्न पाउने—१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो काम गर्नलाई एकदेखि पांच र कायर माइल (वर्गमील) को इलाका भित्र काम गर्न पाउने — — — — — २

सो काम गर्न पाएको इलाकाको कायर माइल (वर्गमील) एकको पाच रुपैयाँका दरले सालाना सर्फेशरेण्ट (जमीन किराया) लाग्ने— -- ३

सो कामको पट्टा पाउनेले पट्टाका इलाका भित्र प्रतिष्ठाको वर्ष १ को रु. २५० दुइसय पच्चास रुपैयाँका दरले रकम बुझाउनु पर्ने— — — ४

तयारी चूनको बजार अड्डाको निकासी महसूल मन १ को दुइ आनाका दरले ठेकदारले बजार अड्डामा बुझाई मात्र विदेश निकासी गर्न पाउने— ५

चून तयार गर्न लकडी दाउरा चाहिएमा पट्टावालाले बनविभागमार्फत जाहेर गरी चाहिएका लकडी सरकारी दरमा पाउने गरी निकासा गराई लिनु पर्ने ६

कसैले काइलाबाट चून पोल्ने भै वा कुनै कारणबाट नेपाल भारत सीमानाको एकमीलभित्र भट्टा राखी चून पोल्ने एमा माथि ४ दफामा लेखिएको रकम माथि रु २५० दुइसय पचासका दरले थप गरी रकम जम्मा रु ५०० पांच सयका दरले लाग्ने — — — — -- ७

यो कामको पट्टा बर्ष ३ तीनको निम्ति मात्र हुने — — — ८

यस काममा लाग्ने रकम ठेकदारले साल सालको साल शुरूमै पेस्की गनो महसूल गरी बुझाउनु पर्ने— — — — — ९

दरखास्तमा काम गर्न खोजेको ठाउको नाफा चार किल्ला स्पष्ट खुलाई लेख्नु पर्ने — — — — — १०

काम गर्ने ठाउँमा जसजसको जग्गा पर्दछ ठेकदारले जग्गाधनीलाई राजी-खुशी गराई मात्र काम गर्न पाउनेछ त्यसो गर्दा जग्गाधनीले खिचोला गरेमा जाहेर गरी निकासा भएबमोजिम मात्र गर्नुपर्ने— — ११

चूनको कामगर्ने ठेकदारले चूनको काम गर्ने ठाउँमा अरू कुनै खानि निस्केमा जाहेर गरी निकासा भए बमोजिम गर्नुपर्ने — — — १२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यो काम गर्दा रैती दुनियाँलाई राजी खुशी राखी जाहेर गरी काम गर्नेछु माथि लेखिएका शर्त सुविधाहरूमा काम गर्न मन्जूर छु भन्ने बेहोरा को कबुलियत ठेक्कादारले गर्नुपर्ने — — — — — — १३

यस काममा ड्याङ प्वाल हाल्न चाहिने एक्सप्लोजिभ वा अरू माल सामान खरीद गर्नलाई लाइसेन्स चाहिएमा दरखास्त परेपछि चाहिंदो निकासा गरिदिने — — — — — १४

यस काममा माथिलेखिएबमोजिम रकमबापतको रुपैयाँ बुझाउँदा मधेश तराईमा कं. रू. र पहाड तर्फमा मोरु. बुझाउनुपर्ने — — — — १५

तयारी चून निकासी गर्दा बजारअड्डा महसूल मधेश तराईमा भए कं. रु. दुइ आना र पहाडमा भए मोहरु सोह्र पैसा हुनेछ — — १६

भीमबहादुर पाँडे
सैक्रेटरी
योजना विकाश विभाग.

श्री
खरदार
विष्णु ... जोशी
... १८५७
२००८

गोरखापत्र छापाखानाबाट प्राकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।